## दोगडाकेदार गाउँसभाको ११औं बैठक

**२०८० असाढ १०गते**

**प्रस्तुत नीति, कार्यक्रम**

आदरणीय यस दोगडाकेदार गाउँपालिकाको ११ औं ऐतिहासिक एवम् गरिमामय गाउँसभाका अध्यक्ष महोदय, गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु ।

नेपालको संविधानको धारा ५६ अनुसार संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था छ सोही व्यवस्था बमोजिम नेपाल सरकारको मिति २०७३/११/२७ को निर्णयानुसार साविकका गा.वि.स. हरु रिम , श्रीकोट , श्रीकेदार , न्वाली , सित्तड , देउलेक , कटौजपानी र जगन्नाथ (५ देखी ९) समावेस गरी दोगडाकेदार घोषणा गरिएको छ । जिल्ला सदरमुकाम बाट ३२ कि.मि. टाढा रहेको जिल्लाको ऐतिहासिक तथा धार्मीक रुपले पवित्र दोगडाकेदार धामको नामबाट नामाकरण गरिएको यो गाउँपालिका १२६.३८ कि.मि. फैलिएको छ । यस गाउँपालिकाको कुल जनसंख्या २३१०४ रहेको छ ।

नेपालको संविधान वमोजिम स्थानीय तहको अधिकार सम्वन्धी व्यवस्था कार्यान्वयन गर्न तथा संघ , प्रदेश र स्थानीय तह बिचको सहकारिता , सहअस्तीत्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागीता , उत्तरदायीत्व , पारदर्शीता सुनिश्चीत गरि सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न , लोकतन्त्रका लाभहरुको समानुपातीक समावेसी र न्यायोचित वितरण गरि कानुनी राज्य र दिगो विकाशको अवधारण अनुरुप सामाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक साशन प्रणालीलाई स्थानीय तह देखी नै सुदृढीकरण गर्न र स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय साशन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायकी , कार्यकारणी , न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको रुपमा हाम्रो गाउँपालिका क्रियाशिल रहेको छ ।

नेपाली जनताको लामो समयको त्याग, बलिदानी र संघर्षपछि नेपालमा संघिय लोकतान्त्रिक गणतन्त्रको ब्यवस्था कायम भएको परिप्रेक्ष्यमा यस ब्यवस्थाको ११ औं गाउँसभामा आँगन तथा दैलोको सरकारको रुपमा चिनिने स्थानीय सरकारले आफ्नो आँगनमा यस दोगडाकेदार गाउँपालिकाको आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने सुअवसर पाउँदा आफुलाई भाग्यमानी ठानेकी छु र संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाको लागि आफ्नो अमूल्य जिवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । ती आन्दोलनहरुको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु, नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुर्‍याउनु भएको महान योगदानको पुनःस्मरण गर्न चाहान्छु ।

**आदरणीय अध्यक्ष महोदय, गाउँसभाका सदस्यज्यूहरु ।**

**अब म यस दोगडाकेदार गाउँपालिकाको आर्थीक बर्ष २०८०/०८१ को आर्थिक विकास क्षेत्रको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

**(१) कृषि तथा पशुपालन**

- कृषि क्षेत्रलाई उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ । कृषि क्षेत्रको आधुनिकिकरण, व्यावसायिकिकरण र प्रविधिकरण गरिनेछ । आवश्यक कृषि उपकरणका लागि ५० प्रतिशत अनुदानको व्यवस्था मिलाईने छ । उक्त कार्यक्रम सहकारी र निजि क्षेत्रसंग साँझेदारी गरी संचालन गरिनेछ ।
- कृषि क्षेत्रलाई निर्वाहमुखी बाट व्यवसायमुखी र आत्मनिर्भरमुखी बनाउदै यस क्षेत्रमा रोजगारीको अवसर सिर्जना गर्न प्रोत्साहित गरिनेछ । प्रत्येक वडामा कृषि पकेट क्षेत्र निर्धारण गरी एक टोल एक उत्पादन कार्यक्रम संचालन गरिनेछ ।
- मसला वालीको उत्पादन, प्रसोधन तथा बजारिकरणमा जोड दिईनेछ ।
- च्याउखेती कार्यक्रमको लागि इच्छुक कृषकलाई च्याउखेती सम्बन्धी तालिम तथा विउ उपलब्ध गराईनेछ ।
- कृषियोग्य भूमिमा सिंचाई भन्ने मूल भावनाका साथ पुराना सिंचाई प्रणालीको मर्मत,थोपा सिंचाई, साना सिंचाई, प्लाष्टिक पोखरी लगायत पम्पिङ्ग सिंचाईको माध्यमबाट कृषि उत्पादनमा वृद्धि हुने गरी सिंचाई क्षेत्रमा योजना बनाईनेछ ।
- कृषि सहकारी संगको सहकार्यमा कृषि बिउविजन तथा मलका लागि गाउँपालिका स्तरीय कृषि बिउविजन तथा मल केन्द्र संचालनमा ल्याईनेछ ।
- कृषि क्षेत्रलाई प्राथमिकता दिई **अध्यक्ष नमुना कृषिगाउँ कार्यक्रम** संचालन गरिने छ । यो कार्यक्रम साझेदारीका रुपमा संचालन गर्न यसका लागि आवश्यक व्यवस्था मिलाईने छ । र यसमा सहकारी, व्यवसायिक फर्म तथा कृषक साझेदारी लाई जोड दिईनेछ ।
- एक वडा एक कृषि प्राविधिक र कृषि स्नातक लाई कार्य सम्पादनको आधारमा निरन्तरता दिई किसानको खेत गोठमा प्राविधिकहरु पुग्ने व्यवस्था कडाईका साथ मिलाईने छ । कृषि उत्पादन लाई व्यवस्थित गर्न कृषि संकलन केन्द्र निर्माण भएको छ र शितभण्डार निर्माण गरिनेछ ।
- कृषिजन्य उत्पादनलाई बजारीकरणको उचित व्यवस्थापन गर्न कृषि सहकारीहरु लाई प्रोत्साहन गरिनेछ ।
- कृषि बिमा कार्यक्रम लागु गरी सोका लागि निशुल्क बिमा कार्यक्रम संचालन गरिनेछ ।
- कृषक दर्ता व्यवस्थापन कार्यक्रम र कृषि तथा पशुपन्छी सम्बन्धी तथ्यांक अद्यावधिक गर्ने कार्य गरिने छ र कृषि आधुनिकिकरणमा जोड दिइनेछ ।
- राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्‍याउने वाली साना व्यवसायिक कृषि उत्पादन (पकेट) विकास कार्यक्रम संचालन गरिनेछ ।
- रैथाने वालिको पकटेक्षेत्र स्थापना र बिउ उत्पादन गर्न सहकारी र निजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- बाखाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट), भैंसी पवर्द्धन, माछा पालन कार्यक्रम , कुखुरा पकेट विकास कार्यक्रम, बोयर बोका वितरण र भकारो सुधार कार्यक्रम संचालन गरिनेछ

- एक टोल एक उत्पादनमा जोड दिइ उत्पादनमा आधारित अनुदान कार्यक्रम, नमुना कृषि गाउँ कार्यक्रम र मकै बालिको पकेट विकासका कार्यक्रम संचालन गरिनेछ ।
- आगामि आर्थीक बर्ष भित्रमा शितभण्डार निर्माण गरिनेछ ।
- पशु बिमा कार्यक्रम लागु गरि सोका लागि निशुल्क बिमा कार्यक्रम संचालन गरिनेछ ।
- दुध डेरी स्थापना तथा पशु फर्म विकास कार्यक्रम संचालन गरिने छ । सोका लागि सहकारी तथा निजि क्षेत्रलाई प्रोत्साहित गरिने छ र यसका लागि उत्पादनमा आधारित अनुदानका लागि आवश्यक बजेटको ब्यवस्था मिलाइनेछ ।
- लुम्पी स्किन डिजिज रोगको नियन्त्रण गर्न संघ र प्रदेश सरकारको समन्वयमा आवश्यक खोपको व्यवस्थापन गरिनेछ ।
- कृषि उत्पादनलाई अभिवृद्धी गर्नको लागि माटोको गुणस्तर परीक्षण गरिनेछ ।
- २० वटा भन्दा माथी बाखा पालन गर्ने , ५ वटा  भन्दा माथी गाई/भैसि पालन गर्ने , ३०० वटा भन्दा माथी कुखुरा/हाँस/टर्की/वट्टाई/कालिज पालन गर्ने , २० घार भन्दा माथी मौरी पालन गर्ने, ५० वटा भन्दा माथी फलफुलका विरुवा खेती गर्ने र २ रोपनी भन्दा माथीको जमिनमा व्यवसायिक तरकारि खेती गर्ने कृषकहरुलाई पुरुष्कार /अनुदानको व्यवस्था गरिनेछ ।
- कृषि उत्पादनमा आधारित भई अनुदान दिईनेछ र काम नगर्ने फर्मलाई कारवाहिको दायरामा लिइनेछ ।

**(२) उद्योग तथा वाणिज्य**

- गाउँपालिका क्षेत्रभित्र सञ्चालीत व्यवसायिक फर्महरुको दर्ता नविकरण कार्यलाई गति दिइनेछ।
- गाउँपालिका भित्र उद्योग व्यवसायको प्रवद्धन गर्न उद्योग मैत्री कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका श्रोत साधनको पहिचान तथा खोजी गरी भौतिक निर्माण कार्यमा स्थानीय श्रोत साधनको प्रयोग लाई प्रत्साहन गरिनेछ ।
- बजार अनुगमनलाई तिव्रता दिईनेछ ।
- स्थानीय उत्पादनको उपयोग गरी उद्यमशिलता प्रवद्धन , रोजगारी सिर्जना तथा गरिवी निवारण गर्न सार्वजनिक निजि साझेदारी मोडेल मार्फत चिउरी तथा रिठा प्रशोधन गर्न सावुन उद्योग स्थापना गरि सञ्चालनमा ल्याईनेछ ।
- नयाँ उद्यमीहरुलाई उद्यमविकासका लागि प्रोत्साहित गरिने छ । उद्यमिहरुलाई उत्पादन बृद्धिकालागि नयाँप्रविधि हस्तान्त्रतरण कार्यक्रम संचालन गरिनेछ ।
- उद्यमीहरुका लागि साना उद्योगहरुलाई प्रोत्साहन गरी करमा विशेष छुटको व्यवस्था मिलाईने छ ।उद्योगधन्दा ब्यापार व्यवसायको स्थापना र संचालन गर्न आवश्यक पुर्वाधारको व्यवस्था गरि सहज वातावरण बनाईनेछ र यस क्षेत्रमा सहकारीर निजिक्षेत्रलाई प्रोत्साहन गरिनेछ । यस गाउँपालिका अन्तर्गत रहेका सहकारी संस्थाहरुलाई कृषि, पशुपालन, पर्यटन, लघु उद्यम, लघु जलविद्युत जस्ता उत्पादन क्षेत्रमा काम गर्न प्रोत्साहन गरिनेछ ।
- संघिय र प्रदेश सरकार संग समन्वय गरी वडा न. ८ को कटौजपानीमा औद्योगिक ग्राम स्थापना गर्न आवश्यक पहल गरिनेछ ।
- स्थानीय जडिवुडीलाई प्रसोधन , बजारिकरण तथा प्रवर्द्धन गर्न संघ र प्रदेश सरकारलाई सहयोगका लागी अनुरोध गरिनेछ ।

### (३) पर्यटन

- धार्मिक पर्यटकिय सम्भावना बोकेका मठमन्दिर, धार्मिक स्थलहरुको संरक्षण र सम्बर्धन गरिने छ । वडा नं. १ को महारुद्र मन्दिर, वडा नं. २ को चनैराज तथा रौलाकेदार, वडा नं. ३ को खोचलेक केदार, वडा नं.४ को देउलेक धाम, वडा नं. ५ को दोगडाधाम, वडा नं. ६ को केदार मन्दिर, वडा नं. ७ को भुमिराज मन्दिर र वडा नं. ८ को मौलिङ्ग मन्दिर लगायतका सबै मन्दिरहरुमा बिशिष्ट कार्यक्रमहरु संचालन गरी धार्मिक पर्यटन वर्ष मनाईने छ । साथै मठ मन्दिर संरक्षण तथा ब्यवस्थापनका लागि दर्ता प्रक्रियामा लगिनेछ ।
- वडा नं. ०६ को पौराणिक चमलिया नदि र जमाडी नदिको संगम स्थललाई धार्मीक पर्यटकिय गन्तव्यको रुपमा विकास गरिनेछ ।
- पर्यटकिय क्षेत्रको पहिचान गरी आवश्यक पूर्वाधार निर्माण गर्नुका साथै यस क्षेत्रमा सम्वन्धित निकायहरु संग प्रभावकारी समन्वय गर्दै  रोजगारीका अवसरहरु सिर्जना गर्न प्रोत्साहित गरी निजी, सहकारी र साझेदारीलाई प्राथमिकता दिइनेछ । जिपलाइन तथा चौलानी नदिमा ऱ्याप्टिङ्ग यस आर्थिक बर्ष मा संचालन गरिनेछ ।
- आन्तरिक तथा बाह्य  पर्यटक प्रर्वर्धनका लागि पर्यटकीय आवास तथा होमस्टे संचालन गरिने छन् । वडा नं. १ को गैरिखेत र वडा नं. २ को तल्लागाउँ लाइ नमुना टोलको रुपमा विकास गरिनेछ ।

### (४) सहकारी तथा वित्तिय क्षेत्र

- सहकारी तथा निजी सझेदारीमा प्रत्येक वडाहरुमा सुपत मुल्य पसल संचालन गर्न आवश्यक वजेटको व्यवस्था मिलाईनेछ ।
- सहकारी, निजि र घरेलु उद्योगहरु संचालन गर्न प्रोत्साहित गरिनेछ ।
- सहकारी हरुलाई अनुगमन, नियमनलाइ कडाइ गरी र मापदण्ड पुरा नभएका सहकारीहरुलाइ खारेज गरिनेछन ।
- सहकारिका सञ्चालक तथा व्यवस्थापकहरुलाई क्षमता अभिवृद्धी गर्न तालिम प्रदान गरिनेछ ।
- गाउँपालिका भित्र रहेका सहकारिहरुले बार्षीक रुपमा एक सहकारीले एक सामाजिक कार्यक्रम गर्ने नीति अवलम्बन गरिनेछ ।
- वित्तिय साक्षरता कार्यक्रमलाई सामुदायस्तर सम्म विस्तार गरिनेछ ।
- बित्तिय सुशासन तथा क्षमता विकासका लागि सहकारी तथा निजि क्षेत्रलाई समन्वय गरी आवश्यक कार्यक्रम संचालन गरिनेछन ।
- गरीविनिवारण कोषद्वारा संचालित समुहहरुलाई सहकारीहरुसँग समायोजन गरी गरीवि निवारण कोषले लगानी गरेको बिउपुँजी कोषलाई सहकारीमा सुरक्षित गरिनेछ ।
- समृद्ध दोगडाकेदार गाउँपालिका निर्माणका लागि यस क्षेत्रमा कार्यरत गैर सरकारी संघ सस्थाहरु, अन्तराष्ट्रिय संघ सस्थाहरु, सहकारी तथा निजि क्षेत्रसँग  समन्वय गरी  योजना तथा कार्यक्रम सञ्चालन  गरिनेछन् ।
- यस गाउँपालिकाको  आर्थिक स्तरबृद्धी गर्न करका दर भन्दा पनि दायराहरु फराकिलो बनाईनेछ

### (५) रोजगारी श्रीजना तथा स्वरोजगार कार्यक्रम

- खेती योग्य बाँझो जमिन पहिचान गरी रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई कृषि र उत्पादन मुलक क्षेत्रमा रोजगारी प्रदान गरिनेछ ।

- गाउँपालिका भित्रको रोजगारीको सम्भाव्य स्थिति विश्लेसण, तथ्याङ्क संकलन, रोजगार नक्साङ्कन, तथा रोजगारीका अवसरहरुको अभिलेखाङ्कन गरिनेछ ।
- बेरोजगारहरुको ज्ञान, सिप, अनुभव क्षमता र बजार मागको आधारमा आवश्यक सीप विकास तालिमको पहिचान गरी सम्बन्धित तालिमकेन्द्र मार्फत तालिम प्रदान गरिनेछ ।
- बैदेशिक रोजगारिमा गएका घर परिवारलाइ बित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श प्रदान गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- रोजगारी र स्वरोजगार सम्बन्धी सम्बन्धित बिषयगत शाखा कृषि र पशुबिकास लगायत अन्य निकायबाट प्रदान गरिने कार्यक्रम संग समन्वय र सहकार्य गरिनेछ ।
- गाउँपालिकाको रोजगार (आन्तरिक र बैदेशिक ) पार्श्वचित्र तयार गरिनेछ ।
- श्रमको सम्मान राष्ट्रको सम्मान , रोजगार सम्वाद मञ्चको सञ्चालन र स्थानीय तहको रोजगार रणनीती तर्जुमा /अद्यावधिक र कार्यान्वयनमा जोड दिइनेछ ।
- गाउँपालिका अध्यक्ष स्वरोजगार कार्यक्रम संचालन गरी रोजगारी सृजना गरिनेछ ।
- युवा वर्गको बिकासका निम्ति गाउँपालिका युवा स्वरोजगार कार्यक्रम संचालन गरिनेछन ।
- वैदेशिक रोजगारीवाट फर्केका व्यक्तिको तथ्यांक संकलन गरी बैदेशिक रोजगारीको क्रममा आर्जन गरेको पुँजि , सिप , प्रविधी र अनुभव स्थानीय तहमा नै उद्दमशिलताको विकास तथा सिपको प्रवर्द्धनमा उपयोग गराई यस्ता व्यक्तिको लागि पुनः एकिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- बैदेशिक रोजगारीलाई थप व्यवस्थित मार्यादित सूरक्षित तथा भरपर्दो बनाउन बैदेशिक रोजगारीमा जाने व्यक्तिका लागि व्यक्तिगत श्रम स्वीकृती तथा पुनः श्रम स्वीकृतीका लागि रोजगार सेवा केन्द्र मार्फत FEIMS प्रणालीबाट आवेदन गर्ने व्यवस्था मिलाइनेछ ।
- श्रम बजारको माग अनुसारको सिपयुक्त जनशक्ति उत्पादन गर्ने नीति लिइनेछ । निजि क्षेत्रसंगको समन्वय र सहकार्यमा व्यवसायिक सिपमुलक तालिम प्रदान गर्ने व्यवस्था मिलाईनेछ

**आदरणीय अध्यक्ष महोदय, गाउँसभाका सदस्यज्यूहरु ।**
**अब म सामाजिक विकास क्षेत्रको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

**(१) शिक्षा , खेलकुद तथा मनोरञ्जन**

- शिक्षित युवाहरुलाई सरकारी जागिर तर्फ आकर्षित गर्न र क्षमता विकास गर्न निःशुल्क लोकसेवा तथा शिक्षक सेवा आयोगको कक्षा सञ्चालन गरिनेछ ।
- राष्ट्रिय व्यवसायिक योग्यता परीक्षण प्रणाली अवलम्बन गरिनेछ ।
- शैक्षिक गुणस्तर सुदृढ गर्न र शिक्षकको पेशागत विकासमा टेवा पुचाउन श्रोत विज्ञको अवधारणालाई कार्यान्वयन गरिनेछ ।
- सिपयुक्त जनशक्ति तयार पार्ने उद्देश्य अनुरुप प्राविधीक तथा व्यवसायिक शिक्षाको विस्तार गरिनेछ ।
- सबै विद्यालयहरुलाई पहेलो रंगले रंग्याउने नीति अवलम्बन गरिनेछ ।
- शैक्षिक उपलब्धी अभिवृद्धी गर्नको लागी अतिरिक्त कक्षा सञ्चालन गरिनेछ ।
- विद्यालयमा पत्रुखाना निरुत्साहित गर्ने निति अवलम्बन गरिनेछ ।

- स्थानीय क्याम्पसमा उच्च शिक्षा अध्ययन गर्ने दलित, महिला तथा अपाङ्ग बिद्यार्थिहरुलाई स्नातक तह छात्रबृति र अन्य छात्राहरुलाई स्नातकोत्तर तह छात्रबृति प्रदान गरिनेछ ।
- शुन्य दरवन्दी भएका मा.वि. मा स्वयंसेवक शिक्षकको ब्यवस्था मिलाइने छ । प्रत्येक बिद्यालयमा योग शिविर र छात्राहरुलाइ आत्मरक्षा सम्बन्धी प्रशिक्षण कार्यक्रम संचालन गरिनेछन ।
- उद्यमसंग बिद्यार्थी कार्यक्रम संचालन गरी बिद्यार्थीलाई कमाउदै पढ्दै कार्यक्रममा समाबेस गरिनेछ । यसका लागि आवश्यक बजेटको ब्यवस्था मिलाइनेछ ।
- दरवन्दी नभएका बिद्यालयहरुमा अनुदानको व्यवस्था मिलाईनेछ ।
- बर्षको २ पटक हरेक विद्यालयमा पुगि निःशुल्क रुपमा विद्यार्थी तथा शिक्षकको स्वास्थ्य जाँच गर्ने व्यवस्था मिलाईनेछ ।
- विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापमा उत्प्रेरित गरी उनिहरुको वहुआयमिक विकासमा विषेश जोड दिईनेछ । विद्यार्थीका प्रतिभालाई उजागर गर्न वक्तित्व विकास गर्न र व्यक्तिको विकास गर्न प्रत्येक मा.वि. लाई १/१ माईक साउण्ड वक्स प्रदान गरि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- बिद्यमान शैक्षिक प्रणालीमा सुधार गरी ब्यवसायिक, प्राविधिक, बालमैत्री, अपाङ्गमैत्री शिक्षा प्रदान गरिने छ । शिक्षण सिकाईलाई प्रभावकारी बनाउन प्रत्येक बिद्यालमा हरेक महिना अनिवार्य अनुगमन तथा सुपरिवेक्षण गर्ने ब्यवस्था मिलाईनेछ ।
- एक बिद्यालय एक करेसावारी स्थापना गरिनेछ ।
- एक मा.वि. एक नर्सको अवधारणालाई अवलम्वन गरिनेछ ।
- एक वडा एक नमुना विद्यालय स्थापना गरिनेछ ।
- प्रत्येक मा. बि. हरुमा मल्टीमिडिया प्रविधिवाट शिक्षण सिकाई, ई-लाईब्रेरी संचालन गरिनेछ । पठनपाठनमा उत्कृष्ट र अनुशासनमा उत्कृष्ट बिद्यालयहरुलाई पुरष्कृत गरिनेछ ।
- यस गाउँपालिकाका सामुदायिक बिद्यालयहरुमा आधारभूत तह (कक्षा १-८) सम्म अनिवार्य अंग्रेजी माध्यमबाट पढाई संचालन गर्ने बिद्यालयहरुलाई बिशेष अनुदानको व्यवस्था मिलाईनेछ । प्रारम्भिक बाल विकास केन्द्रको चौतर्फी विकासको लागि आवश्यक पहल कदमी लिईनेछ ।
- अनाथ एवम् टुहुरा बालबालिकाको संरक्षण गरी शिक्षाको उज्यालो ज्योती प्रदान गर्नको निम्ती कक्षा १ देखी कक्षा १२ सम्म अध्ययनरत वालवालिकाहरुलाई बार्षिक एकमुष्ट रकम रु. २० हजार पढाइ खर्चदिने व्यवस्थालाई निरन्तरता दिईनेछ र निजको संरक्षणको रोहोबरमा बैंक खाता मार्फत रकम भुक्तानी गरिनेछ ।
- शिक्षालाई गुणस्तरीय बनाउन बिद्यालयहरुका लागि अनुदान कार्यक्रम संचालन गरिनेछ । यसका लगि आवश्यक बजेटको ब्यवस्था मिलाईनेछ ।
- प्रत्येक बिद्यालयमा खानेपानी र शौचालय आगामी आ. व. २०८०/०८१ मा सम्पन्न हुने गरी आवश्यक वजेटको व्यवस्था मिलाईनेछ ।
- बिद्यालयहरुमा संचालन तथा निर्माण गरिने कार्यक्रम तथा संरचनाहरु बालमैत्री बनाइनेछन् ।
- बाल बिकास केन्द्रका शिक्षक, बिद्यालय कर्मचरीहरुलाई सशर्त बजेटमा पालिका बाट थप गरी तलव भत्ताको व्यवस्था गरिनेछ ।
- बिद्यालयहरु समायोजन तथा दरवन्दी मिलानलाई पूर्णता दिई गुणस्तरिय शिक्षा प्रदानमा जोड दिईनेछ ।

- गाउँपालिकाको एक मात्र उच्च शिक्षा प्रदान गर्ने श्रीकोट बहुमुखी क्याम्पसमा आवश्यक पूर्वाधार निर्माण गरिने छन् । थप संकाय संचालन गर्न आवश्यक पहल गरी आङ्गिक क्याम्पसका लागि संघ र प्रदेश सरकारसँग अनुरोध गरिनेछ । निजीश्रोतमा संचालित क्याम्पसलाई आवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।
- आर्थीक रुपमा विपन्न विद्यार्थीहरुलाई प्राविधिक तथा उच्च शिक्षा अध्ययनका लागि आवश्यक छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
- विद्यालयमा शिक्षण सिकाई क्रियकलाप संग सम्बन्धित समस्या सामाधान गर्न , आवश्यक परामर्श तथा सल्लाहका लागि र गुनासो सुनवाईका लागि**"हेलो दोगडाकेदार हामि विद्यार्थी"**कार्यक्रम सञ्चालन गरिनेछ ।
- कक्षा ८ को परिक्षालाई थप स्तरिकृत गरिनेछ ।
- एक वडा एक खेलकुद मैदान एक व्यक्ति एक खेल कार्यक्रम संचालनलाई निरन्तरता दिईने छ र माध्यमिक विद्यालयहरुमा आवश्यक खेल सामाग्रीहरुको ब्यवस्था गरिनेछ ।
- वडा नं. ७ मा रहेको लवलेक खेलमैदानलाई पालिका स्तरिय खेल मैदान को रुपमा स्तरोन्नती गरिनेछ ।
- स्वच्छ जीवनका लागि खेलकुद भन्ने मुलमर्मका साथ खेलकुद क्षेत्रको बिकासको लागि आवश्यक पहलकदमी गरिनेछ ।
- पालिका स्तरीय खेलकुद विकास समिति गठन गरिनेछ ।

(२) **स्वास्थ्य**

- यस गाउँपालिकालाई सतप्रतिशत संस्थागत सूत्केरी भएको सुनिश्चित गरी गरिनेछ । असहाय नागरिकलाई निशुल्क उपचार सेवा दिनुपर्ने व्यवस्था कडाईका साथ लागु गरिनेछ ।
- आधारभूत गुणस्तरीय स्वास्थ्य सेवामा जनताको सरल पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाईनेछ । प्रत्येक टोलमा गाउँघर क्लिनिक निर्माण तथा बर्थिङ सेन्टरहरुलाई निरन्तरता दिइनेछ ।
- यस गाउँपालिका भित्र आधारभूत आयुर्बेदिक स्वास्थ्यकेन्द्र सञ्चालन गरिनेछ यसका लागि अवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकालाई संस्थागत सुत्केरी गाउँपालिका, बालविवाह रहित गाउँपालिका, कुपोषण रहित गाउँपालिका, बालमैत्री गाउँपालिका , अपांगमैत्री गाउँपालिका घोषणा अभियान संचालन गरिनेछ ।
- स्वास्थ्य विमा र महिला स्वयंसेविकाहरुको प्रोत्साहन खर्चलाई निरन्तरता दिईनेछ र यस कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।
- स्वास्थ्य सेवालाई सहज बनाउन श्रीकोट स्वास्थ्य चौकी मार्फत ख वर्गको एम्बुलेन्स संचालनमा ल्याइनेछ । गर्भवती, सुत्केरी जेष्ठ नागरिक, असाहाय, र अपांगता भएका ब्यक्तिहरुका लागि निशुल्क एम्बुलेन्स सेवा सन्चालन गरिनेछ ।
- संघीय सरकारसँगको समन्वयमा वडा नं. ६ सित्तडमा १५ शैयाको अस्पताल निर्माण कार्यको ठेक्का सम्झौता भई निर्माण कार्य अगाडि बढिसकोको र आगामी वर्ष भित्र सम्पन्न गरिनेछ ।.

- सरसफाई उन्मुख गाउँपालिका बनाउन प्रत्येक वडाहरुमा व्यक्तिगत, घरायसी र वातावरणीय सरसफाई कार्यक्रम संचालन गरी सरसफाई उन्मुख वडा घोषणा गरिनेछ ।
- “अध्यक्षको सान १००० दिनका आमाहरुको घरधुरीहरुलाई सुरक्षित पानी अभियान”नमुना टोल कार्यक्रम र वडा अध्यक्षको सान पोषणयुक्त नमुना टोल अभियान संचालनलाई निरन्तरता दिईएकोछ ।
- नर्सीङ कर्मचारीको क्षमता अभिवृद्धी गरिनेछ ।
- आमा समुह सुदृढीकरण तथा पुनर्ताजकी अभियान सञ्चालनमा ल्याईनेछ ।
- श्रीकोट र रिम स्वास्थ्य चौकीमा सञ्चालनमा रहेको प्रयोगशाला सेवालाई निरन्तरता दिइनेछ ।
- पूर्ण संस्थागत सुत्केरी वडा घोषणा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- स्वास्थ्य संस्थाहरु सुदृढिकरणको लागि आवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।
- खोप क्लीनिकको लागि आवश्यक पूर्वाधारको व्यवस्था गरिनेछ ।
- पूर्णखोप शुनिश्चितता तथा दिगोपना कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- रिम स्वास्थ्य चौकी र सित्तड स्वास्थ्य चौकीबाट मौजुदा जनशक्ती परिचालन गरि चौविसैं घण्टा सेवा संचालनमा ल्याइने छ ।
- शववाहन सेवा संचालनमा ल्याइने छ ।

**(३) खानेपानी तथा सरसफाई**

- गाउँपालिकाका सवै वाडाहरुमा स्वच्छ खानेपानीको व्यवस्था मिलाईनेछ । एक टोल एक धारा हुदै एक घर एक धारा अभियानलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका अन्तर्गतका सबै टोलहरुको खानेपानिको गुणस्तर परीक्षणको व्यवस्था मिलाईनेछ ।

**(४) संस्कृती प्रवर्द्धन**

- स्थानीय संस्कृति संम्बर्धनका लागि देउडा, हुडकेली नाच, छलिया नाच, गौरा (अठेवाली) सगुनको संरक्षण सम्वर्द्धनका लागि बिषेश कार्यक्रम संचालन गरी आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- दोगडाकेदारको सामाजिक, ऐतिहासिक तथा संस्कृति झल्किने गरी संग्राहलयको स्थापना गर्न पहल गरिनेछ । बैतडेली भाषाको संरक्षण र सम्बर्द्धन गर्नका लागि आवश्यक पहल कदमी गरिनेछ ।
- सार्वजनिक जमिन, गौचर, मठमन्दिरको गुठी, सामुदायिक वन अतिक्रमण रोक्न विशेष पहल गरिनेछ ।

**(५) लैंगीक समानता तथा सामाजिक समावेसिकरण**

- यस गाउंपालिका भित्र रहेका यौनिक अल्पसंख्यकहरुको उत्थान र सशक्तिकरणका लागि आय आर्जनका कार्यक्रमका लागि वजेटको व्यवस्था गरिनेछ ।
- हिंसा पिडित माहिलाहरुका लागि सुरक्षित घर निर्माण गर्न विशेष पहल गरिनेछ । हिंसा पिडित महिलाहरुका लागि लैंगीक हिंसा निवारणकोषको आवश्यक व्यवस्था मिलाईनेछ । यस गा.पा. मा हिंसा पिडितका लागि लैंगीक हिंसा सेलको व्यवस्था मिलाईनेछ ।
- समावेशीकरणको राष्ट्रिय नीति अनुरुप यस गाउँपालिका भित्र पिछडिएको वर्ग, गरिव, दलित, जनजाती, महिला, अल्पसंख्यक, उत्पिडित वर्गलाई नीति निर्माण तहमा समाबेश गरी उनीहरुको उत्थान एवम् क्षमता अभिवृद्धि गरी सशक्तिकरण गर्न आवश्यक पहलकदमी गरिनेछ । यसका

साथै सिकाई प्रशिक्षण केन्द्र, शिल्पकला केन्द्र, बाल उद्यान तथा मनोरञ्जन केन्द्र सञ्चालन गरिनेछन । छुवाछुत मुक्त गाउँपालिका, पूर्ण बिभेदरहित गाउँपालिका, छाउपडीमुक्त गाउँपालिका, बालमैत्री गाउँपालिका, महिला हिंसा रहित गाउँपालिका, जेष्ठ नागरीकमैत्री गाउँपालिका आदि जस्ता अभियानहरु संचालनमा ल्याईनेछन् ।

- दलित समुदायमा रहेको परम्परागत सिप तथा व्यवसायलाई आधुनिकिकरण गर्ने तर्फ आवश्यक पहलकदमी गरिने र उत्पादित सामाग्री बजारिकरणको व्यवस्था गरिनेछ ।
- बृद्ध तथा अपांगता भएका ब्यक्तिहरुका लागि निःशुल्क **घरदैलो स्वास्थ्य परीक्षण कार्यक्रम** लाई निरन्तरता दिइनेछ ।
- यस गाउँपालिका भित्र स्थापना भैसकेका अनाथालय र वृद्ध मनोरञ्जन केन्द्रलाई सञ्चालनमा ल्याईनेछ ।
- महिला आत्मनिर्भर कार्यक्रम संचालन गरिनेछ र महिलाको कार्यबोझलाई घटाउन जातो तथा कृषि प्रबिधि औजार बितरण कार्यक्रम संचालन गरिनेछ ।
- गर्भवती महिलाहरुका लागि **उपाध्यक्ष कोशेली** कार्यक्रम संचालनलाई निरन्तरता दिईएको छ यसका लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ ।
- संघ, प्रदेश र विभिन्न संघ संस्थाहरुको समन्वयमा दोगडाकेदार गाउँपालिका अन्तर्गत वडा नं. ०१ देखि ०८ सम्मका छोटमुक्त हलिया घरधुरि तथ्याकं संकलन र प्रमाणिकरण गरि परिचयपत्र वितरण गर्ने व्यवस्था गरिनेछ ।
- दलित टोलका परम्परागत नामहरु परिवर्तन गरीनेछन् ।
- बहुक्षेत्रीय पोषण योजनाले निदृष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तीको लागि बिषयगत शाखा र साझेदार निकायहरुसंग मिलेर पोषण लक्षित र सं वेदनशिल क्रियाकला पहरु सञ्चालन गरिनेछ। महिला बालबालिका लक्षित कार्यक्रम जस्तैः बाल पोषण अनुदान, खोप कार्यक्रम, बाल मैत्री स्थानीय शासन आदिमा समेत बहुक्षेत्रीय पोषण योजनालाई समाबेश गर्दै पुर्ण पोषणमैत्रि वडा हुदै गाउँपालिकालाई नै पुर्ण पोषणमैत्रि स्थानिय तह घोषणा तर्फ उन्मुख गर्ने नीति अवलम्बन गरिनेछ ।
- पोषण विशेष पोषण संवेदनशील र समर्थ बनाउने वातावरण सम्बन्धि कार्यक्रमहरुको विस्तार गरी महिला किशोरी तथा बालबालिकाको पोषण अवस्थामा सुधार ल्याई मानव पुँजिको विकास गरिनेछ ।

**आदरणीय अध्यक्ष महोदय, गाउँसभाका सदस्यज्यूहरु ।**
**अब म पूर्वाधार क्षेत्रको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

**(१) स्थानीय सडक , पूल तथा झोलुङ्गे पूल**

- पूर्वाधार विकासमा विशेष जोड दिईनेछ र गाउँपालिका गौरवका आयोजनाहरुलाई उच्च प्राथमिकता दिईएकोछ ।
- यस आर्थिक वर्ष भित्र गाउँपालिका गौरवका सडकहरुलाई उच्च प्राथमिकता दिईने छ । एक वाडा एक चक्रपथ बनाउने योजना सञ्चालन लाई निरन्तरता दिइनेछ ।

- निर्माण भएका गाउँपालिकाका गौरवका सडकहरु स्तरोन्नति गर्न आवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।
- पालिकाका गौरवका आयोजना कार्यान्वयनका लागि आवश्यक साधन स्रोतको व्यवस्थापन गरिनेछ र नियमित अनुगमन र मूल्याङकन  गरिनेछ ।

(२) **सिंचाई**

- "कृषि क्षेत्रको सुधार सिंचाई मुख्य आधार" भन्ने नाराका साथ कृषि योग्य जमिनमा सिंचाईको व्यवस्था गरिनेछ ।

(३) **भवन तथा शहरी विकास**

- पालिकाको प्रशासकिय भवन निर्माणका लागि आवश्यक पहल गरिनेछ ।
- भवन आचारसंहिता लागु गरी व्यवस्थित बजारीकरण र भुकम्प प्रतिरोधात्मक घर निर्माण कार्यलाई कार्यान्वयनमा ल्याईनेछ ।
- संघीय सरकार तथा प्रदेश सरकारसँग समन्वय गरी वडा नं. ८ कटौजपानीमा एकिकृत नमुना वस्ति बिकास कार्यक्रमको बिस्तृत अध्ययन प्रतिवेदन तयार गरिनेछ ।
- वडाकार्यालयहरु भवनको निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

(४) **उर्जा**

- ग्रामिण विद्युतिकरण, लघुउर्जा, सौर्यउर्जा आदिलाई प्राथमिकतामा राखि वडा नं. १, वडा नं. २ र वडा नं. ८ मा आ.व. २०८०/०८१ भित्र विद्युत विस्तार गरिनेछ  । र यसका लागी प्रदेश सरकार र संघीय सरकार संग आवश्यक पहलकदमी गरिनेछ ।
- बैकल्पीक उर्जा प्रवर्धन केन्द्र तथा प्रदेश सरकार सँग समन्वय गरी सडक बत्ती विस्तार गर्दै प्रत्येक वडाहरुमा पुऱ्याईनेछ । पम्पीङ्ग खानेपानी योजना, पम्पीङ्ग सिंचाई योजना, सुधारीएको घट्ट, बिद्यालयहरुमा सोलार, स्वास्थ्य चौकीहरुमा सोलार, गोवरग्यांस, बिद्युतिय चुलो, सुधारीएको चुलो  जस्ता कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिनेछ ।

**आदरणीय अध्यक्ष महोदय, गाउँसभाका सदस्यज्यूहरु ।**
**अब म वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको नीति तथा कार्यकम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

(१) **वन तथा भु-संरक्षण**

- गाउँपालिका क्षेत्र भित्रका सबै सामुदायिक वनको संरक्षण गर्न सामुदायिक वन उपभोक्ता समितिलाई क्रियाशिल गरिनेछ ।
- वातावरण संरक्षण गर्न एक व्यक्ति २ विरुवा अभियान संचालन गरिनेछ र यसका लागि एक वडा एक नर्सरी स्थापना कार्यक्रमका साथै **नर्सरी नाईके तथा वन रक्षक स्वयंसेवक** परिचालन गरिनेछन् । पालिका स्तरीय नर्सरी स्थापनाको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

(२) **जलाधार संरक्षण**

- जलाधार संरक्षण गर्नको लागि पानीको मुहान वरिपरि बिरुवाहरुको रोपण गरिनेछ ।

(३) **वातावरण संरक्षण र जलवायु परिवर्तन**

- गाउँपालिका भित्र सञ्चालन हुने हरेक योजना तथा कार्यक्रममा वातावरण तथा पर्यावरण र जलवायुमैत्री पूर्वाधार विकासमा जोड दिइनेछ ।

- डढेलो लगायत वन विनास प्रती नागरिकलाई सचेत गराइ वन संरक्षणमा सबैलाई सहभागी गराइनेछ ।
- प्लाष्टिक झोलाको प्रयोगलाई निरुत्साहित गर्ने निति अवलम्वन गरिनेछ ।

**(४) विपद व्यवस्थापन**

- जोखीम तथा विपद् ब्यवस्थापनलाई ध्यानमा राखी बिपद् ब्यवस्थापन कोषमा आवश्यक वजेटको व्यवस्था मिलाईनेछ ।
- गाउँपालिका भित्र भएका दैबिक प्रकोप घटना तथा अतिविपन्न परिवार औषधीउपचार, राहत वितरणका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।
- गाउँपालिका भित्र भएका दैबिक प्रकोप घटनालाई मध्यनजर गर्दै प्रत्येक वडामा उद्धार तथा राहत समाग्रीको व्यवस्था मिलाईनेछ ।
- विपद जोखिम क्षेत्रको पहिचान गरी सो क्षेत्रको आवश्यक व्यवस्थापन गरिनेछ ।

**(५) फोहरमैला व्यवस्थापन**

- गाउँपालिका भित्रका बजारहरुमा संघीय सरकार तथा प्रदेश सरकारसँग समन्वय गरी ढलनिकास निर्माण गर्न आवश्यक पहल गरिनेछ ।
- यस गाउँपालिकाका विभिन्न बजारहरुमा डस्टबिन तथा डम्पीङ्ग साइडको व्यवस्था मिलाइनेछ ।

**आदरणीय अध्यक्ष महोदय, गाउँसभाका सदस्यज्यूहरु ।**
**अब म संस्थागत विकास सेवा प्रवाह र सुशासन क्षेत्रको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

**(१) सामान्य सेवा**

- सार्वजनिक सेवालाई चुस्त, दुरुस्त, जनमुखी, परिणाममुखी र सेवाग्राहीमैत्री बनाउन आवश्यक पहल कदमी गरिने छ । पारदर्शिता, सूचनाको हक, विधिको शासन, जनउत्तरदायित्व आदि सुनिश्चित गरि गाउँपालिका भित्र सुशासन कायम गर्न नागरिक वडापत्रको ब्यवस्था, सूचना सार्वजनिकिकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण आदिलाई प्रभावकारी रुपमा संचालन गरिनेछ । यसका साथै खटिएर ईमान्दारीपूर्वक काम गर्ने राष्ट्रसेवककर्मचारी लाई उचित पुरस्कारको ब्यवस्था गरिनेछ र कानून भन्दा बाहेक कार्यलयमा अनुपस्थित रहने, घुस तथा कमिशन लिने, जनतालई दु:ख दिने, सेवा प्रवाहमा ढिलो गर्ने मादक पदार्थ सेवन गर्ने, जस्ता अनुचित कार्य गर्ने कर्मचारी तथा सार्वजनिक पद धारण गरेका ब्यक्तिलाई कारवाहीको दायरा भित्र ल्याईनेछ ।
- कर्मचारीहरुको कार्यसम्पादन सम्झौता गरिनेछ र करार कर्मचारीहरु लाइ आवश्यकता तथा कार्यासम्पादन मूल्यांकनको आधारमा करार सम्झौता थप गरिनेछ ।
- सार्वजनिक तथा सामाजिक सेवाको क्षेत्रमा रक्सी, धुम्रपान तथा सुर्तिजन्य पदार्थ सेवनलाई पुर्ण रुपमा निषेध गरिनेछ । उपभोक्ताको हक हित संरक्षण गर्न प्रत्येक पसलमा मुल्य सूचि राख्न लगाईनेछ र गुणस्तरयुक्त समाग्रिको सुनिश्चितताको लागि समय समयमा अनिवार्य वजार अनुगमन गरिनेछ र गुणस्तरहिन सामाग्रि भेटिएमा प्रचलित कानून बमोजिम कारवाहि गरिनेछ ।
- गाउँपालिकाले संचालन गर्दै आएका विकास निर्माण तथा दिगो विकासको लक्ष्य अनुरुप गाउँपालिकाले कृषि स्वयंसेवक, पशुपालन स्वंयसेवक, विकास निर्माण स्वयंसेवक, सडक मर्मत स्वयंसेवक र खानेपानी मर्मत स्वयंम सेवक परिचालन गरिनेछन ।

- योजनाहरुको गुणस्तर सुधार गर्न एक वडा एक प्राविधीकलाई निरन्तरता दिई निर्माण अवधिभर योजनास्थलमा वस्ने व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकाको कार्यालय भित्र बोतलको पानीमुक्त बनाउन पालिकामा स्थानीय मुहानको पानीलाई प्रोत्साहन गरीनेछ । क्रमसः प्रत्येक कार्यालयहरुमा युरोगार्डको व्यवस्था मिलाईनेछ ।
- कार्यालय प्रयोजन बाहेक कुनैपनी सरकारी सवारी साधनमा इन्धन खर्च र मर्मत खर्च गर्ने परिपाटि वन्द गरिनेछ ।
- कार्यापालीकाको स्वीकृती विना कुनैपनी जनप्रतिनिधी र कर्मचारीहरुले सरकारी खर्चमा भ्रमण गर्न पाउनेछैन ।
- गाउँकार्यपालीकामा हुने तालिम सभा बैठकहरुमा नियमानुसार पाउने भत्ता बाहेक खाजा, चिया नास्तामा गरिने खर्चलाई निरुत्साहित गरिनेछ ।
- "आफ्नो टोल आफै बनाउ" भन्ने नाराका साथ टोल विकास संस्थाहरुलाई पुर्णता दिई योजना छनौटमा टोल विकास संस्थाले छनौट गरेका योजनालाई प्रथमिकता दिइनेछ ।

(२) **सूचना प्रविधि तथा सुशासन प्रवर्द्धन**

- कर असुलिमा हुनसक्ने अनियमिततालाई नियन्त्रण गर्न आगामी आ.व. ०८०/०८१ को श्रावण महिना देखि नै सबै वडा कर्यालयहरु बाट अनलाईन प्रणाली मार्फत राजश्व गरिनेछ ।
- इन्टरनेटको समस्या समाधानका लागि सबै वडा कार्यालयहरुमा वैकल्पिक व्यवस्था मिलाईनेछ ।
- नेपाल दूरसञ्चार प्राधिकरणको ग्रामीण दूरसञ्चार विकास कोष प्रयोग गरी दोगडाकेदार गाउँपालिका भरीका ४९ सामुदायिक आधारभुत विद्यालयहरुमा ब्रोडव्याण्ड ईन्डरनेट पुचाउन आवश्यक पहल गरिनेछ ।
- यस गाउँपालिकाको सूचना तथा संचार प्रविधिको विकास एंवम् विस्तारको लागि आवश्यक ब्यवस्था मिलाईने छ ।
- गाउँपालिकाको सूचना तथा अन्य गतिविधिहरुमा आम जनताको पहुँच सुनिश्चित गर्न टोल फ्रि नम्बर , अडियो नोटिस बोर्ड , वेवसाइट , फेसबुक पेज तथा युटुव च्यानललाई थप प्रभावकारी बनाइनेछ ।
- "पहिलो सेववग्राही पहिलो सेवा" भन्ने नाराका साथ सेवा प्रवाहलाई सहज र व्यवस्थीत गर्न टोकन प्रणाली सेवा सूचारु गरिनेछ ।
- सूचना तथा प्रविधीको माध्यमवाट गाउँपालिकामा सेवाग्रहीको गुनासो सम्बोधन गरिने परिपाटीको विकास गरिनेछ ।
- गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरुलाई सूचना प्रविधिमैत्री बनाउन विभिन्न किसिमका सफ्टवयरहरु खरिद गरिनेछन ।
- गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरुमा डिजिटल नागरिक वडापत्र जडान गर्ने कार्यको प्रारम्भ गरिनेछ ।
- गाउँपालिका वाट सञ्चालित योजना तथा कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई र सामाजिक परिक्षणका कार्यहरु नियमित रुपमा गरिनेछ ।
- सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरिय बनाईनेछ ।
- बेरुजुलाई नियन्त्रण गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाईनेछ ।

**(३) स्थानीय तथ्यांक संकलन तथा अभिलेख व्यवस्थापन**

- अगामी आ.व. ०८०/०८१ भित्र अब्यवस्थित बसोवास र सुकुम्बासीहरुलाई जग्गा धनी प्रमाण पुर्जा प्रदान गर्न पहलगरी बसोवास लाई व्यवस्थित गरिने र सुकुम्बासीहरुलाई जग्गाको स्वामित्व प्रदानका लागि आवश्यक पहल गरिनेछ ।
- गरिब घर पहिचान तथा गरिब परिचयपत्र वितरण र गरिब लक्षित विषेश कार्यक्रम संचालन गरिनेछन ।

**(५) विविध**

- प्रत्येक वडाहरुमा मेलमिलाप केन्द्र स्थापना गरी सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- यस गाउँपालिकामा क्रमागत रुपमा संघीय सरकार र प्रदेश सरकारको समपूरक र विशेष अनुदान बाट सञ्चालित योजनाहरु कटौति गरिएकोमा संघीय र प्रदेश सरकारलाई ध्यानाकर्षण गराई आवश्यक वजेट विनियोजनका लागि आग्रह गरिनेछ ।
- संघ र प्रदेशका योजनाको हकमा योजनाहरुको सम्झौता तथा भुक्तानीका लागी वडाको सिफरिमा पालिकाको अन्तीम सिफारिस गर्ने परिपाटिको अवलम्बन गरिनेछ ।

**आदरणीय अध्यक्ष महोदय**
**गाउँसभाका सदस्यज्यूहरु ।**

अन्त्यमा,

विकासरुपी आशाको दियोमा ईन्धन थप्दै जाउ र विकाशरुपी दियोको इन्धन भनेको यस गाउँपालिकाका उपभोक्ताहरु नै हुने हुँदा यस नीति तथा कार्यक्रमको सतहमा टेकेर बन्ने सम्पूर्ण योजनाहरुको सफल कार्यान्वयनमा आम उपभोक्ताहरुको सक्रिय सहभागीताको आपेक्षा गर्दछु । हाम्रो कार्यकाल भित्रमा यो दोगडाकेदार गाउँपालिका एउटा उच्च समृद्धशाली गाउँपालिका बन्नेछ भन्ने आम गाउँबासीहरुमा विश्वस्थ गराउदै स्थानीय सरकारको विकास अभियानको सहकार्यमा जुट्न आम दोगडाकेदार बासीहरुलाई तयार रहन अनुरोध गर्दछु । साथै यस नीति तथा कार्यक्रम निर्माण गर्ने कार्यदलका सदस्यहरु, राष्ट्रसेवक कर्मचारी, सामाजिक अगुवा, बुद्धीजिवि, सञ्चार जगत, व्यवसायी, सुरक्षा निकाय लगायत समस्त दोगडाकेदार बासिहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।।।

मिति : २०८०/०३/१० गते